**Tribhuvan University Journal**
**Vol. 40, No. 1: 285-298, June 2025**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v40i1.80130**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# *खटप्वाल* उपन्यासमा अभिघात

***अम्बिका अर्याल***

*पद्मकन्या बहुमुखी क्याम्पस, त्रिवि, काठमाडौँ*
*Corresponding author: ambiaryal@gmail.com*

Received date: 20 Aug. 2024 – Accepted date: 30 April 2025

## लेखसार

प्रस्तुत लेखमा प्रमोद प्याकुरेलको 'खटप्वाल' (२०७९) उपन्यासमा अभिव्यक्त अभिघातका विविध पक्षहरूको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । अभिघात प्राकृतिक एवम मानवनिर्मित घटनाका कारणले मानिसमा पर्ने मानसिक चोट, दुःख, कष्ट एवम सङ्कटको स्थिति हो । दुःखदायी घटनाको परिणामस्वरूप देखा पर्ने शारीरिक तथा मानसिक क्षति तथा त्यसबाट निर्मित तनावको स्थिति एवम पीडाबोधलाई अभिघातका रूपमा लिन सकिन्छ । 'खटप्वाल' उपन्यासमा चीनको हवेइ प्रान्तको वुहानमा सन् २०१९ डिसेम्बर ३१ मा पहिलोचोटि पहिचान गरिएको र विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ वा कोरोना भाइरसले विश्वव्यापी रूपमा फैलाएको प्राकृतिक विपत्तिबाट नेपाली समाजमा पारेको प्रभाव एवम अभिघातलाई प्रस्तुत गरिएको छ । कोरोनाजस्तो प्राकृतिक विपत्तिले सिर्जना गरेको शारीरिक एवम मानसिक अभिघातका विभिन्न पाटाहरूको विश्लेषण र मूल्याङ्कन गर्नका लागि कोरोनालाई नै मूल विषय बनाएर लेखिएको प्रस्तुत उपन्यासलाई चयन गरिएको छ । कोरोनाका कारण नेपाली समाजमा देखापरेको शारीरिक एवम मानसिक अभिघातलाई 'खटप्वाल' उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने उद्देश्य यस लेखको रहेको छ । यसका लागि कृतिविश्लेषणको सैद्धान्तिक पर्याधारका रूपमा अभिघातसम्बन्धी सिद्धान्तकी प्रतिपादक क्याथी क्यारुथको अवधारणालाई अवलम्बन गरिएको छ । लेख तयारीका क्रममा प्राथमिक एवम द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । विश्लेषणका लागि गुणात्मक विधिको प्रयोग गरिएको यो लेख निगमनात्मक एवम अन्तर्विषयक प्रवृत्तिको बन्न पुगेको छ । 'खटप्वाल' उपन्यासमा प्रस्तुत भएका शारीरिक एवम मनोवैज्ञानिक अभिघातका पक्षले यसलाई अभिघातका दृष्टिले सशक्त उपन्यास बनाएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जि :** अभिघात, अवसाद, द्वन्द्व, मनस्थिति, शमनवृत्ति, हिंसा

## परिचय

प्रस्तुत अध्ययनको विषय 'खटप्वाल' उपन्यासमा अभिव्यक्त अभिघातको विश्लेषण, मूल्याङ्कन एवम निरूपण गर्नु हो । 'खटप्वाल' (२०७९) प्रमोद प्याकुरेलको उपन्यास हो । यसमा कोरोनाका कारण ज्यान गुमाएका परिवारको पीडा र नेपाली समाजमा फैलिएको त्रासलाई स्थान दिइएको छ। काठमाडौँको छेउछाउ वा काँठ भूभागको सामाजिक जीवनलाई यथार्थ रूपमा चित्रण गरिएको यस उपन्यासमा उच्च वर्ग, मध्यम वर्ग तथा निम्न वर्गका समस्यालाई विषय बनाइएको छ । सुस्त मनस्थितिको पात्र विपिनमान प्रधानको कथाबाट सुरु भएको यस उपन्यासमा समलिङ्गी सम्बन्ध तथा उच्च वर्गको रवाफी शैलीको पतनको विषयलाई प्रस्तुत गरिएको छ। यसमा कोरोना महामारीले निम्त्याएको दुःखदायी स्थिति तथा तनावलाई स्थान दिइएको छ । कोरोनाका त्रासले मानवीय जीवनमाथि थपेको आघातको वर्णन गरिएको यस विषयले उपन्यासलाई दुःखान्त बनाएको छ । कोरोनाका बिरामी तथा परिवार र समाजमा फैलिएको त्रास, तनाव, आतङ्क र त्यसले सिर्जना गरेको शारीरिक एवम मानसिक अभिघातलाई प्रस्तुत गरिएको हुनाले अभिघातका दृष्टिबाट यस उपन्यासको अध्ययन गरिनु सान्दर्भिक देखिएको छ ।

अभिघात 'ट्रमा' शब्दको नेपाली रूपान्तरण हो । कुनै हिंसा तथा दुर्घटना एवम प्रकोपका कारणबाट भएको क्षति र त्यसले पारेको शारीरिक चोटपटक एवम मानसिक आघातलाई अभिघातका रूपमा लिने गरिन्छ। प्राकृतिक एवम मानवनिर्मित अप्रिय घटनाका कारण हुने मानसिक असरलाई मनोवैज्ञानिक अभिघात र घाउचोट तथा रक्तश्राव भई शरीरमा पुगेका क्षतिलाई शारीरिक अभिघात मान्न सकिन्छ । यस किसिमको अवस्थाको चित्रण गरिएका साहित्यको अध्ययन तथा विश्लेषणका लागि पाश्चात्य मुलुकमा विद्वान्हरूले 'ट्रमा थेउरी' को विकास गरेका छन् । मनोविश्लेषणात्मक धारणाको एक पक्ष अभिघात सिद्धान्त साहित्यमा सुनाइ र पढाइका नयाँ पद्धतिद्वारा अध्ययन गर्ने अवधारणा बनेर देखापरेको छ (क्रुज, सन् २०१८, पृ. १) । यसले समाजकै एक अङ्ग भएकाले साहित्यकारले कृतिमा प्राकृतिक तथा मानवनिर्मित अप्रिय घटना र त्यसले पारेको अभिघातलाई प्रस्तुत गरेको हुन्छ भन्ने मान्यता राखी त्यसकै विश्लेषण गर्दछ। यससम्बन्धी अवधारणाको विकास गर्ने पाश्चात्य विद्वान्हरूमा क्याथी क्यारुथ, डोमिनिक लाकाप्रा, अविसायी मार्गलिट, गिर्गिओ एगेम्बेन, जेफ्रि हार्टमैन आदि देखापरेका छन् । यी मध्ये क्याथी क्यारुथको अभिघातसम्बन्धी अवधारणालाई आधार मानेर कृतिमा प्रस्तुत अभिघातको विश्लेषण यहाँ गरिएको छ । विश्वसमुदायमा देखापरेको महामारीको प्रभावले नेपाली समाज कसरी ग्रसित भयो र त्यसको अनुभूतिलाई हुबहु उतारिएको 'खटप्वाल' उपन्यासमा अभिघातलाई कसरी अभिव्यक्त गरिएको छ भन्ने जिज्ञासा अद्यावधिक नै छ। तथापि गोविन्दराज भट्टराईको 'उत्तरआधुनिक विमर्श' (२०६४), कृष्ण गौतमको 'उत्तरआधुनिक जिज्ञासा' (२०६४), कुमारप्रसाद कोइरालाको 'आख्यान विमर्श' (२०६८), शान्तिमाया गिरीको 'आधुनिक नेपाली कथामा

अभिघात' (२०७५) जस्ता कृतिमा अभिघातको सैद्धान्तिक चर्चा भने गरिएको पाइन्छ । यी कृतिमा प्राकृतिक विपत्तिबाट भन्दा पनि मानवनिर्मित युद्ध एवम हिंसाका कारणले मानवसमुदायमा पर्न गएको शारीरिक एवम मानसिक चोटले निम्त्याएको अभिघातको चर्चा गरिएको छ । 'खटप्वाल' उपन्यासका विषय, शिल्प तथा चरित्रका बारेमा चर्चा गरिएको भए तापनि यसमा प्रस्तुत अभिघातको स्थितिको भने अध्ययन हुन बाँकी नै देखिन्छ । यिनै शोधअन्तरालका कारण प्रस्तुत विषयमा अध्ययन गर्नु मौलिक, नवीन एवम औचित्यपूर्ण हुनुका साथै यसलाई मूल जिज्ञासा बनाएर अनुसन्धान गरिनु सान्दर्भिक देखिएकाले यो अनुसन्धान यसमै केन्द्रित रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय तथा इन्टर नेटका माध्यमबाट सामग्रीसङ्कलन गरिएको छ । यसक्रममा प्रमोद प्याकुरेलको 'खटप्वाल' उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । विश्लेष्य कृतिको विश्लेषणका लागि चयन गरिएको अभिघात सिद्धान्तसम्बन्धी सामग्रीका साथै यस उपन्यासका विषयमा भएका अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यी दुवै प्रकारका सामग्रीहरूको प्रयोग गरी अनुसन्धेय लक्ष्यमा पुग्नका लागि सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । पाश्चात्य साहित्यसिद्धान्तलाई आधार मानेर नेपाली उपन्यासको विश्लेषण गरिएको यस लेखमा निगमनात्मक पद्धतिको प्रयोग हुनुका साथै अन्तर्विषयक समेत बन्न पुगेको छ । गुणात्मक प्रवृत्तिको यस लेखमा तथ्यको विश्लेषणका क्रममा वर्णनात्मक एवम विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

### सैद्धान्तिक पर्याधार

पाश्चात्य साहित्यसिद्धान्तका रूपमा विकसित अभिघातसम्बन्धी अवधारणा नै यस अनुसन्धानको सैद्धान्तिक आधार हो । 'अभिघात'को शाब्दिक अर्थ भय र आतङ्कबाट सिर्जना हुने शारीरिक एवम मानसिक विचलन हो । अङ्ग्रेजीमा 'ट्रौमा थ्यौरी' भनिने अभिघात सिद्धान्तले द्वन्द्व वा युद्धबाट उत्पन्न शारीरिक एवम मानसिक विचलनका अनेक स्थितिलाई बोध गराउँछ । अभिघातले कुनै दुर्घटनाको प्रत्यक्ष अनुभवभन्दा पनि त्यसको दीर्घकालीन प्रभावलाई बोध गराउँछ ( क्यारुथ, सन् १९९६, पृ. ४) । यो एक किसिमको पक्षाघातको, असन्तुलनको, विचलनको, विस्मृतिको स्थितिमा पुग्ने अवस्था हो । युद्धद्वारा सिर्जित त्रासद पूर्णाहुति र आत्महत्या भोगेर बाँचेका पात्रहरूले युद्ध वा द्वन्द्वका बारे गरेका वृत्तान्त तथा तिनैसँग सम्बद्ध आख्यानबाट अभिघात सिद्धान्तले जन्म लिएको हो । यस चिन्तनको सुरुवात प्रथम विश्वयुद्धको त्रासद वा भयङ्कर विभीषिकाबाट भएको देखिन्छ (पोखेल, सन् २०१५, पृ. २) । विगतका त्रासदीले सिर्जना गरेको मानसिक विचलन तथा प्रभावलाई अभिघात मान्न सकिन्छ ।

विश्वको इतिहासलाई हेर्दा अभिघात सिर्जनाका कारकका रूपमा विभिन्न युद्धहरू देखापरेका छन् । मध्यपूर्वमा भएको लामो युद्ध, भियतनाम र अमेरिकाको युद्ध, सोभियत रुसको घटनापछि त्यहाँका विखण्डित राष्ट्रहरूमा भएको भीषण द्वन्द्व, पेरु, रुवान्डा र इथियोपियामा भएका युद्ध, इराक, इरान, अफगानिस्तान, सिरिया आदि देशहरूमा भएका सशस्त्र सङ्घर्षहरू, काश्मीरलाई लिएर भएका भारत र पाकिस्तानबिचको द्वन्द्व, श्रीलङ्काको विद्रोह र हिंसा, तिब्बतको विद्रोह र हिंसा, गोर्खाल्यान्डका निम्ति गरिएको विद्रोह र हिंसा ज्वलन्त उदाहरण हुन् । नेपालको २०५२ सालदेखि २०६२ सम्म भएको सशस्त्र द्वन्द्वले छेडेका भयावह परिवेशले पनि अभिघातको स्थिति सिर्जना गरेको छ । सशस्त्र द्वन्द्वका अतिरिक्त सूचना र सञ्चारका माध्यमबाट आउने आतङ्क, दैनिक उपभोग्य वस्तु, औषधि र यातायातका साधनबाट उत्पन्न खतरापूर्ण स्थिति भयका मुख्य कारण बन्ने गरेको पाइन्छ (भट्टराई, २०७७, पृ. १) । क्यारुथका विचारमा त झन् इतिहास आफैँमा एक किसिमको अभिघात हो । यसलाई हामी प्रत्येक पुस्तामा व्याख्या र पुनः अनुभव गर्न सक्छौँ (क्यारुथ, सन् १९९६, पृ. १७) । युद्ध, आतङ्क र द्वन्द्व मात्र नभएर अहिले इतिहास बनिसकेको कोरोना महामारी पनि अभिघात सिर्जना गर्ने एउटा प्रमुख कारक बन्न पुगेको देखिन्छ ।

अभिघात सिद्धान्तको उदय सन् १९९० को दशकबाट भएको हो । क्यारुथले अभिघातको सांस्कृतिक प्रभावको अध्ययन गरी यसको सुरुवात गरेको पाइन्छ (मग्राती, सन् २०२३, पृ. ५) । क्याथी क्यारुथको 'Unclaimed Experience : Trauma, Narrative and History' शीर्षकको कृतिलाई यसको आधारभूत ग्रन्थका रूपमा लिइन्छ अर्थात् यसले अभिघात अध्ययनलाई संस्थागत रूपमा स्थापना गर्ने कार्य गरेको हो । यसले साहित्यमा अभिघातको प्रस्तुति कसरी गरिएको छ भन्ने कुराको अध्ययनलाई सुरुवात गरेको देखिन्छ । अभिघातले विशेषगरी द्वन्द्व एवम युद्वको चित्रण तथा विश्लेषण गर्दछ । यस्तो युद्व बाहिरी र भित्री दुवै किसिमको हुन्छ । बाहिरी युद्धलाई अर्कोले पनि देख्न सक्छ, जहाँ हात हालाहात, कुस्ताकुस्ती, मुक्कामुक्की तथा हतियारको प्रयोग हुन्छ । मान्छेको भित्री मनमा चलेको युद्ध मनोवैज्ञानिक युद्ध हो । यो साधारण तथा जटिल दुवै कोटिको हुन सक्छ (गौतम, २०६४, पृ. ३६८) । केवल युद्ध र आतङ्कबाट मात्र नभएर प्राकृतिक एवम कृत्रिम महामारीबाट समेत अभिघातको स्थिति सिर्जना हुन सक्छ । कोरोना महामारीले सिर्जना गरेको अभिघात प्राकृतिक हो । यसले मानसिक एवम शारीरिक रूपमा मान्छेलाई त्रसित र सङ्कटग्रस्त तुल्याएको छ ।

अभिघात सिद्धान्तलाई मनोविश्लेषणात्मक सिद्धान्तकै एक पक्षका रूपमा लिने गरिन्छ । यस सिद्धान्तको विकासमा सिग्मन्ड फ्रायड, जुडिथ हर्मन, बोनी ब्रस्टो, क्याथी क्यारुथको प्रमुख भूमिका रहेको छ । शारीरिक चोटपटकसँग सम्बन्धित अभिघात शब्दलाई सिग्मन्ड फ्रायडले शारीरिक मात्र नभएर यसले उत्पन्न हुने मानसिक क्षतिका रूपमा चिनाएको पाइन्छ (क्यारुथ, सन् १९९५, पृ. ३) । यस किसिमका क्षति अर्थात् घातक

घटनाको मनोवैज्ञानिक परिणाम पिटियसडी (PTSD) मा देखिन सक्छ । अभिघातको मानसिक उपचार युद्ध जति नै पुरानो छ । यसको परिणाम डर, निराशा, तनाब, असहायता, मानसिक रोग तथा आत्महत्याका रूपमा पनि हुन सक्छ (डाभोइन, सन् २०२२, पृ. २९) । अभिघातले शारीरिक एवम मानसिक रूपमा पार्ने प्रभावलाई समेट्छ ।

अभिघात सिद्धान्तले शारीरिक तथा मानसिक अभिघातले घटना घटेको धेरै समयपछि पनि व्यक्तिमा कस्ता समस्याहरू देखापरिरहन्छ भन्ने कुरामा जोड दिन्छ । यसलाई पोस्ट ट्रमेटिक स्ट्रेस डिसअर्डर वा उत्तरअभिघातग्रस्त तनाब अवस्था (PTSD) भन्ने गरिन्छ । उत्तर अभिघातग्रस्त तनाब अवस्थामा व्यक्तिले कुनै झड्का, आघात, अत्यासपन, छटपटी, भय, तथा क्रोधयुक्त प्रतिक्रिया व्यक्त गर्दछ । दर्दानक र मन बुझाउन नसक्ने प्रायजसो सबै मानिसमा देखिने यो साझा प्रतिक्रिया हो । कुनै पनि असामान्य र अस्वाभाविक घटना घटेको बेला व्यक्तिमा सामान्य प्रतिक्रिया देखिए तापनि विस्तारै त्यसले मानिसको दैनिक क्रियाकलापमा समेत परिर्वतन ल्याउँछ । उसले समायोजन शीलता घट्दै जान्छ । व्यक्तिले कुनै घटना बिर्सन नसकेपछि त्यही व्यक्तिले उत्तरअभिघातजन्य तनाबको अवस्था भोग्नु पर्दछ । यो अवस्था दीर्घकालीन रूपमा रहन पनि सक्दछ भने अल्पकालीन रूपमै सकिन पनि सक्दछ । यस अवस्थामा व्यक्तिको बुझाइ, परिस्थितिले पनि काम गर्दछ (क्यारुथ, सन् १९९५, पृ. १३०) । अभिघातका अनेक कारणहरू हुन्छन् । दमन, गरिबी, विभेद, जातीय विभेदजस्ता समस्याका कारण अभिघात निम्तिन सक्छ । फरकफरक कारणबाट आउने प्रभाव पनि व्यक्तिपिच्छे फरक हुन्छन् ।

अभिघात उपन्यासमा व्यक्तिगत एवम सामूहिक रूपमा हुने आन्तरिक डर र गुमाइलाई देखाउने लक्ष्य हुन्छ । यसमा लेखकले कुनै पात्रका माध्यमबाट पीडादायक घटना तथा असरको यथार्थ चित्रण गरी पाठकसामु प्रस्तुत गर्ने लक्ष्य लिएको हुन्छ । अभिघातयुक्त कृतिमा पीडितका स्मरणलाई अभिव्यक्त गर्ने भाषा तथा भोगाइ वा अनुभूति समेटिएका हुन्छन् (कट्टेल, सन् २०२३, पृ. ४) । अनुभव र स्मरणको यसमा नायक आफू बाँचेको समाजको एक प्रतिनिधिका रूपमा रहेर त्यहाँको त्रासदी तथा मानसिक उत्पीडन र अभिघातको प्रस्तुतकर्ताका रूपमा उभिएको हुन्छ । उसले समूहका सदस्यका पीडा र प्रभावको प्रतिनिधित्वमूलक रूपमा प्रस्तुत गर्दछ । यसमा अरैखिक कथानक हुन्छ । मानसिक द्वन्द्व, उत्पीडन, दोधारेपन जस्ता पक्षमा यसले जोड दिएको हुन्छ ।

अभिघातयुक्त कृतिमा खाली पाना तथा डटडटको प्रयोग गरिएको हुन्छ । भाषा पनि अनौपचारिक प्रयोग हुन्छ । शब्दभण्डार, वाक्यविधान पनि विगतसँग सम्बन्धित हुन्छ । पुनरावृत्ति बढी हुन्छ । सपना, मिथक, सम्झना, यथार्थबिचको अस्पष्ट प्रस्तुति हुन्छ । घटना विगत, वर्तमान र भविष्यतर्फ बारम्बार परिवर्तन भइरहन्छ । विगतको सम्झनाले वर्तमानको ध्यान भङ्ग गराउँछ । क्यारुथका अनुसार विगतको सम्झना अवचेतन मनमा थुप्रिएर बसेको हुन्छ । यसले भविष्यमा पुराना कुराको याद गराएर पीडा दिइरहेको हुन्छ । यसले सपनाका

रूपमा विगतलाई सम्झाएर वर्तमानमा प्रभाव गरिरहन्छ । यसले वर्तमानमा केन्द्रित हुन नदिएर ध्यानभङ्ग गराइरहन्छ (क्यारुथ, सन् १९९५, पृ. ६०) । यसको अनुभवलाई मौखिक रूपमा व्यक्त गर्न सकिँदैन । सचेत अवस्थामा अभिघातले असर नगर्ने उनको तर्क छ । यसले याद, सपना, पुनरावृत्ति, दिक्दारीजस्ता माध्यमबाट असचेत रूपमा प्रभावित गरिरहेको हुन्छ । प्रभावितको घटना घटेको समय र पछिको समयको विभाजन रेखा आख्यानात्मक एवम गैरआख्यानात्मक रूपमा पुनरावृत्तिस्वरूप स्मरणका रूपमा आइरहन्छ (पोखरेल र मजगेना, सन् २०१६, पृ.११) । अभिघात अवर्णनीय तर पुनरावृत्ति, विगतको स्मरणका माध्यमबाट प्रकट हुन्छ ।

अभिघात सिद्धान्त निर्माणका क्रममा क्यारुथले न्युरोबायोलोजिकल दृष्टिकोणलाई पनि सहारा लिएकी छन् । उनले चेतना र स्मृतिमा अभिघातको असरको व्याख्याका क्रममा यसको सहायता लिएकी हुन् । विशेषगरी मनोचिकित्सक बेसल भान डर कोल्कको अभिघात उत्पन्न हुने न्युरोबायोलोजीसम्बन्धी सार्वभौमिक प्रतिक्रियालाई उनले आधार बनाएकी छन् । यसमा भाषाहीन आतङ्क वा भयका रूपमा कोल्कले अभिघातलाई लिएका छन् । जसले स्मृतिमा कथात्मक स्मरणको सम्भावना अन्त्य गर्दछ जुन समयदेखि त्यस घटना भाषाको तहमा संगठित हुन सक्दैन भन्ने तर्क उनको छ (बेसल भान डर कोल्क, सन् १९९६, पृ. १७२) । तसर्थ मनोवैज्ञानिकहरूले अघि सारेको धारणासँग अभिघातको निकट सम्बन्ध देखिन्छ ।

अभिघातका रूपमा पनि फरकपन देखा पर्न थालेको छ । यसले सामाजिक मूल्य र मान्यतामाथि प्रश्न गर्न थालेको छ । क्याथी क्यारुथका समयमा मानसिक तनाव, पीडा, आन्तरिक अनुभव, दुःख जस्ता विषयमा अभिघातको अध्ययन गर्ने परम्परा रहे पनि यसको स्वरूपमा विस्तारै परिवर्तन भएर व्यापक हुँदै गएको छ (ओन, सन् २०२१, पृ. १०८) । अभिघातको प्राकृतिक स्रोतका रूपमा देखापरेको कोरोना महामारीका कारण विश्व नै समस्यामा परेको देखिन्छ । कोरोनाका कारण एक्लोपन, तनाव, क्रोधजस्ता उत्तरअभिघातजन्य तनावस्था उत्पन्न हुन पुगेको छ (स्काल्स्की, सन् २०२०, पृ. १६९) । दिनानुदिन बढ्दै गरेको मृत्युदर तथा यसको नियन्त्रणमा विश्व नै असफल भइरहेको वर्तमान परिप्रेक्ष्यमा मानिसहरूमा देखापरेका शारीरिक तथा मानसिक अभिघातबाट अनेक समस्याहरू सिर्जना भएका छन् । तिनलाई कलात्मक रूपमा नेपाली उपन्यासमा चित्रण गरिएको छ । त्यस किसिमका अभिघातजन्य अवस्थाको अध्ययनका लागि माथि उल्लेख गरिएका क्याथी क्यारुथका अभिघातसम्बन्धी अवधारणाका आधारमा विश्लेषणढाँचाको निर्माण गरी अनुसन्धेय समस्याको समाधानमा पुग्न सकिन्छ । तसर्थ क्यारुथको अभिघातसम्बन्धी अवधारणाका आधारमा यस अनुसन्धानसँग सम्बद्ध समस्याको निरूपणका लागि शारीरिक अभिघातभित्र श्वासप्रश्वासमा समस्या, उच्च ज्वरो, खोकी, फोक्सोको खराबी एवम निमोनियाबाट सिर्जित

अभिघात र मानसिक अभिघातभित्र तनाब, अवसाद वा डिप्रेसन, एक्लोपन, भयबोध, मृत्युप्रतिको मोह, भ्रम र सपना जस्ता बुँदालाई विश्लेषणका ढाँचाका रूपमा लिइएको छ ।

## 'खटप्वाल' उपन्यासमा अभिघात स्थितिको विश्लेषण

'खटप्वाल' उपन्यासमा कोरोनाका सन्त्रास एवम प्रभावका कारण नेपाली समाजमा देखिएका अभिघातजन्य स्थितिको चित्रण गरिएको छ । यसमा कोरोनाले मानिसमा सिर्जना गरेको शारीरिक एवम मानसिक अभिघातलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने सन्दर्भको अध्ययन तथा विश्लेषण अलगअलग उपशीर्षकमा यसप्रकार गरिएको छ :

### शारीरिक अभिघात

मानव शरीरमा जान अन्जानमा अनेक चोटपटक लाग्ने गर्दछ । त्यस चोटले विभिन्न समस्याहरू निम्त्याउन सक्छ । कुनै चोटले गहिरो घाउको रूप लिन्छ । घाउ निको हुन छोटो वा लामो समय दुवै लाग्न सक्छ । यस्ता घाउका कारणले व्यक्ति स्वयम्लाई अनेक समस्या तथा तनाब ल्याउँछ । मानिसमा यसले दुःख र पीडा पनि दिन्छ । यस किसिमको स्थिति नै शारीरिक अभिघात हो । शरीरका विभिन्न अङ्गमा देखापरेका समस्या, कमजोरी, चोटपटक, अङ्गभङ्गको स्थिति आदिबाट पनि मानिसले विभिन्न किसिमका अभिघात भोग्नुपरेको हुन्छ । कुनै दुर्घटनाका कारण मानिसका अङ्गहरू टुटफुट हुने, अङ्गहरू थिचिएर, दबिएर, खुम्चिएर शरीरमा पीडा महसुस हुन सक्छ । गाउँ र अर्ध सहरी क्षेत्रमा शारीरिक अभिघातका कारणहरू भूगोल, संस्कृति, अर्थ आदिका आधारमा भिन्न हुन्छन् । एउटै देशमा पनि शारीरिक अभिघात निवारण तथा व्यवस्थापनका लागि बन्ने योजनामा यी विविधतालाई ध्यानमा राख्नुपर्ने हुन्छ (इमानुएली मोसी, सन् २०१८, पृ. १) । तसर्थ शारीरिक अभिघातका लक्षण, प्रभाव तथा निवारणका प्रवृत्ति अलगअलग हुन्छन् । अभिघात सिद्धान्तका एक प्रकारका रूपमा देखिएको शारीरिक अभिघातले मानिसलाई तत्कालीन अवस्थामा तथा दीर्घकालीन रूपमा समेत पीडा दिइरहेको हुन्छ । कोरोनाका कारण सिर्जित यस किसिमका अभिघातलाई 'खटप्वाल' उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने तथ्य यहाँ विश्लेषण गरिएको छ :

### श्वासप्रश्वासमा समस्या

विश्वव्यापी महामारीका रूपमा देखापरेको कोरोना एक महामारी मात्र नभएर मानिसहरूमा अभिघात सिर्जना गर्ने प्राकृतिक विपत्ति हो । यसका विभिन्न लक्षणमध्ये फोक्सोलाई कमजोर बनाएर बिरामीलाई मृत्युको मुखमा पुऱ्याउने लक्षण प्रमुख हो । सामान्य रूपमा रुघाखोकीकै लक्षणमा देखिएर स्वासप्रश्वासमा कठिनाइ बनाउने र बिरामीमा अक्सिजनको मात्रा घट्दै जाँदा मृत्युवरण गर्न पुग्ने स्थिति कोरोनाले सिर्जना गर्दछ। 'खटप्वाल' उपन्यासमा कोरोनाका कारण श्वाप्रश्वासमा पुगेको कठिनाइ र त्यसबाट सिर्जित शारीरिक अभिघातलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा अस्पतालमा उपचाररत कोरोनाका

बिरामीमा देखापरेको श्वासप्रश्वाससम्बन्धी समस्या त्यसले निम्त्याएको समस्यालाई प्रस्तुत गरिएको छ। "प्रत्येक दिन तिघ्रामा घोपिने सुई, विभिन्न परीक्षणका लागि हड्डीसम्म सियो धसाएर रगत झिक्ने प्रक्रिया, अक्सिजनको हावाले सुकाएर पटपटी फुटाउने सुख्खा मुख। यस्तैयस्तै कुराले सकस बढाउँदै थिए" (पृ. १३५) भन्ने म पात्रको कथनमा कोरोनाका कारणले स्वासप्रश्वासमा समस्या परेपछि अक्सिजन दिइएर गरिएको उपचार र त्यसले पारेको प्रभावबाट सिर्जित शारीरिक अभिघातको चित्रण गरिएको छ। यसमा वर्णन गरिएको अक्सिजनको हावाले सुकेर पटपटी फुटेका बिरामीको मुखको अवस्थाले श्वासप्रश्वासका कारण कोरोनाका बिरामीमा देखापरेको शारीरिक अभिघातलाई प्रस्ट पार्दछ।

**उच्च ज्वरो**

कोरोना लागेका बिरामीमा देखिने अर्को प्रमुख लक्षण उच्च ज्वरो हो। यसले बिरामीको शरीरलाई शिथिल र कमजोर बनाउँदै लैजाने हुनाले शारीरिक अभिघात सिर्जना गर्छ। सामान्य औषधीले समेत काम नगर्ने अवस्थामा बिरामीलाई पुऱ्याउने भएकाले उच्च ज्वरो देखापर्ने वित्तिकै बिरामी आत्तिने, डराउने तथा मृत्युको मुखमा पुगेको महसुस गर्ने प्रवृत्तिबाट शारीरिक अभिघात सिर्जना हुन्छ। 'खटप्वाल' उपन्यासमा कोरोनाका कारण देखापरेको उच्च ज्वरोबाट सिर्जित शारीरिक अभिघातलाई प्रस्तुत गरिएको छ। "त्यही दिन बेलुकाबाट ज्वरो आयो, हनहनी। ओछ्यानै पऱ्यो ऊ" (पृ. ११०) भन्ने कथनले ज्वरो र कोरोनालाई पर्याय नै मानिने तत्कालीन समयको त्रासदी र ज्वरोकै कारण शारीरिक रूपमा कमजोर हुँदा उत्पन्न अभिघातलाई प्रस्तुत गरेको छ। यसरी ज्वरोको प्रभावस्वरूप बिरामीमा देखापरेको कमजोरी, हीन भावना, त्रासदी जस्ता सन्दर्भमार्फत शारीरिक रूपमा देखापरेको अभिघातलाई यस उपन्यासले समेटेको देखिन्छ।

**खोकी, फोक्सोको खराबी एवम निमोनिया**

कोरोना लागेका बिरामीमा देखापर्ने शारीरिक समस्याभित्र खोकी, फोक्सोको खराबी एवम निमोनिया पनि पर्दछन्। यस किसिमका समस्याबाट पीडित बिरामीमा दुःखाइ, सास्ती तथा हैरानी देखापर्दछन्। *खटप्वाल* उपन्यासमा कोरोनाका बिरामीमा खोकीका कारण देखापरेको शारीरिक अभिघातलाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा असह्य खोकीका कारण बिरामी अतालिएको, कसैलाई खोकी सुरू हुने वित्तिकै संशय उत्पन्न भएको, खोक्दाखोक्दा शरीर शिथिल भएको जस्ता सन्दर्भहरू आएका छन्। अभिमन्युले "खोक्दा परेको परिश्रमले शरीर तोरीको सागजसरी ओइलिन्छ, लत्रन्छ, लत्रक्क। आँखाअगाडि अँध्यारो पर्दा खस्छ, तर अहँ, खोकी रोकिँदैन" (पृ. १२७) भन्नुले खोकीप्रतिको भय मात्र नभएर शारीरिक अभिघातको स्थितिलाई जनाएको छ। यसरी यस उपन्यासमा खोकीका

कारण कोरोनाग्रसित बिरामीलाई पुग्न गएको असर तथा त्यसले निम्त्याएको शारीरिक अभिघातलाई प्रस्तुत गरिएको छ ।

## मानसिक अभिघात

क्यारुथका अनुसार मानव तथा प्रकृतिद्वारा सिर्जित विभिन्न अप्रिय घटना एवम विपत्तिबाट हुन गएको भौतिक र मानसिक पीडापश्चात् देखापर्ने अल्पकालीन र दीर्घकालीन मनोवैज्ञानिक असर नै मनोवैज्ञानिक अभिघात हो (क्यारुथ, सन् १९९५, पृ. ६०) । मनोवैज्ञानिक अभिघात मानसिक त्रास, भय, समस्या तथा तनाबसँग सम्बन्धित देखिन्छ ।। अभिघात सिद्धान्तले मनोवैज्ञानिक, रेटोरिकल र सांस्कृतिक महत्त्वको विश्लेषणबाट साहित्य र समाजमा अभिघातको प्रभावलाई प्रस्ट पार्दछ (म्याम्बरोल, सन् २०१८, पृ. १) । यसले मानवजीवनमा दीर्घकालीन मानसिक असर पारिरहेको सन्दर्भलाई साहित्यमा कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको अध्ययनमा समेत जोड दिन्छ । तसर्थ 'खटप्वाल' उपन्यासमा प्रस्तुत गरिएका साक्ष्यको विश्लेषणबाट मनोवैज्ञानिक अभिघातका विविध पक्षको निरूपण यसमा गरिएको छ :

## तनाब

अभिघातको लक्षण तथा प्रभावका रूपमा तनाबलाई लिन सकिन्छ । यो व्यक्तिमा उत्पन्न हुने मानसिक दबाबको अवस्था हो । 'खटप्वाल' उपन्यासमा कोरोना लागेका बिरामी र तिनका परिवारमा देखापरेको तनावले सिर्जना गरेको मानसिक अभिघातको प्रस्तुति पाइन्छ । यस उपन्यासमा छोरालाई कोरोना लागेर उपचारका लागि अस्पतालमा छाडेर आएकी आमा बिन्दिकामा देखापरेको तनावलाई मार्मिक रूपमा चित्रण गरिएको छ । "तनावले बिन्दिकाको मस्तिष्क चेतनाशून्य भइसकेको थियो" (पृ. ११४) भन्ने कथनले सो कुराको पुष्टि गरेको छ । यसले दिमागले कामै गर्न नसक्ने अवस्थामा पुग्नु तनावको चरमोत्कर्ष भएको तथ्यलाई समेत सङ्केत गरेको छ । यस्तै यस उपन्यासमा कोरोना सङ्क्रमित छोरालाई अस्पतालमा भर्ना गरेर फर्केकी आमा बिन्दिकामा तनावको अवस्था "...सिरानी भिजिरह्यो । आँखाका ढकनी नजोडिई बिहान उठ्ने समयको जनाउ घण्टी बज्यो" (पृ. ११२) भन्ने कथनबाट प्रस्ट भएको छ । यसरी यस उपन्यासमा बिरामी र तिनका आफन्तजनमा कोरोनाले सिर्जना गरेको भयका कारण निर्मित तनावबाट मानसिक अभिघातको स्थितिमा पुगेको सन्दर्भलाई स्थान दिइएको छ ।

## अवसाद तथा निराशा

अभिघातका लक्षणका रूपमा अवसाद वा डिप्रेसन तथा निराशालाई लिने गरिन्छ । कोरोना महामारीले निम्त्याएको मानसिक प्रभावले बिरामीमा डिप्रेसन तथा निराशाको

सिर्जना गर्दछ । 'खटप्वाल' उपन्यासमा बिरामी र तिनका आफन्तमा देखापरेको अवसाद एवम निराशाका माध्यमबाट मानसिक अभिघातलाई प्रस्तुत गरिएको छ । यसमा "गीता अन्तिम अवस्थामा छ । अब फर्कन्न । अब मरेको खबर कुन बेला आउँछ भनेर कुर्नेबाहेक केही बाँकी छैन" (पृ. ९१) भन्ने गीताको लोग्नेको कथनमार्फत कोरोनाको बिरामी नबाँच्ने परिस्थितिको वर्णन गरिएको छ। यसले बिरामीको स्वास्थ्य नाजुक हुँदै गइसकेपछि आफन्तमा फैलिएको निराशाबाट उत्पन्न मानसिक अभिघातलाई प्रस्ट पारेको छ। यस्तै "घर फर्किएर त आई, तर उसको मन भने फेरि अस्पतालमै पुगिरह्यो । बेलाबेला आँखा रसाइरहन्थे । पुछिरहन्थी । कसैलाई देखाउन्नथी । अबेरसम्म निदाउन सकिन । बल्लतल्ल निदाई" (पृ. ११२) भन्ने कथनका माध्यमबाट बिन्दिकामा देखापरेको अवसाद र निराशालाई प्रस्तुत गरिएको छ। यसमा छोरालाई अस्पताल भर्ना गरेर फर्किएकी बिन्दिकामा कोरोनाग्रस्त छोरा निको भएर फर्कने हो कि होइन भन्ने संशय र आशाभन्दा निराशाको स्थिति देखापरेको छ । उसले छोराका मायाका कारण बारम्बार अस्पतालमा धाइरहे पनि कुनै सुधार आएको खबर सुन्न सकेकी छैन । जसले गर्दा ऊ दिनप्रतिदिन अवसाद र निराश बन्दै गएर मानसिक अभिघातको सिकार बन्न पुगिरहेकी छ। यसरी यस उपन्यासमा बिरामी र तिनका आफन्तमा कोरोनाका कारणले सिर्जना गरेको अवसाद एवम निराशाबाट निस्रित मानसिक अभिघातलाई प्रस्तुत गरिएको छ ।

### भयबोध

मानसिक रूपमा देखापरेको त्रासदी तथा भय अभिघातको अर्को महत्त्वपूर्ण लक्षण हो । भविष्यप्रतिको प्रतिकूलताको कल्पनाका रूपमा पनि यसलाई लिने गरिन्छ। 'खटप्वाल' उपन्यासमा कोरोनाका कारण बिरामीहरूमा बढिरहेको भयका कारण निर्मित अभिघातलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा अस्पतालमा भर्ना भएका कोरोनाका बिरामीहरूलाई पलपल मृत्युबोध भइरहेको हुनाले त्यसबाट मनमा पर्न गएको चोटका माध्यमबाट उत्पन्न मानसिक अभिघातलाई देखाइएको छ । "मेरा पग्लिएका आँखाबाट लाभा बगे । चिच्याएर रुने मन थियो तर सकिनँ । यन्त्र मात्र एकोहोरो चिच्याइरहे, 'अब तेरो पालो ! अब तेरो पालो ! अब तेरो पालो..." (पृ. १३९) भन्ने म पात्रको कथनले सोही तथ्यलाई प्रस्ट पारेको छ । यसमा उपचारका लागि अस्पतालमा भर्ना भएको बिरामीले मेसिनले आफूलाई तेरो पालो भनेर कराइरहेको भान हुनु मृत्युप्रतिको भयबोध हो। यसर्थ यस उपन्यासमा कोरोनाकै भयका कारण मनोवैज्ञानिक अभिघात सिर्जना हुन पुगेको सन्दर्भलाई प्रस्तुत गरिएको छ।

### मृत्युप्रतिको मोह

अभिघातको अवस्थामा बिरामीहरूमा मृत्युप्रतिको मोह जाग्ने लक्षण देखापर्दछ । आत्महत्याबाट व्यक्ति स्वयम् समाप्त हुने प्रयत्न अभिघातका बिरामीहरूमा देखा पर्दछ ।

शारीरिक, मानसिक, व्यवहारिक, सामाजिक आदि कारणबाट मानिसले आत्महत्या गर्ने गर्दछ। कोरोनाको अभिघातका कारण मृत्युप्रतिको मोह झन् बढेको देखिन्छ (इडेन, २०२२, पृ. ९१ )। मृत्युप्रतिको मोह जाग्दै जानु वा आत्महत्या नै गर्नु जस्ता लक्षणहरू अभिघातले सिर्जना गर्दछ । *खटप्वाल* उपन्यासमा मृत्युप्रतिको मोहसम्बन्धी मनोवैज्ञानिक अभिघातलाई प्रस्तुत गरिएको छ । यसमा कोरोनाका कारण अस्पताल भर्ना भएको बिरामीमा जिउनु र मर्नुको स्थितिको लडाइँ अत्यन्त पीडादायक भएको सन्दर्भलाई देखाइएको छ । तसर्थ बिरामीले बाँच्नका लागि गरिने सङ्घर्षसँग हार खाएर मृत्युलाई नै पर्खिरहेको तथ्यलाई "पीडादायी जीवनभन्दा त मृत्यु धेरै जाती । म पनि छिट्टै मर्न पाए हुने" (पृ. १३०) भन्ने कथनले प्रस्ट पारेको छ । पीडादायी जीवनभन्दा मृत्यु सहज हो कि भन्ने भावका माध्यमबाट कोरोनाका कारणले हुने मानसिक अभिघातलाई यसमा प्रस्तुत गरिएको छ ।

### भ्रम, सपना तथा संशय

अभिघातका लक्षणका रूपमा भ्रम, सपना तथा संशयलाई पनि लिने गरिन्छ । विगतको स्मरण, त्यसप्रतिको भ्रम, सपनाका माध्यमबाट विगतका घटनाको पुनर्स्मरण, सत्य र असत्य वा यथार्थ र कल्पनाप्रतिको संशयजस्ता लक्षणहरू मानसिक अभिघातका विशेषता हुन् । बिरामीमा देखापरेका यस किसिमका लक्षणहरूबाट तिनमा पुगेका मानसिक चोट र अभिघातजन्य अवस्थाको निरूपण गर्न सकिन्छ। *खटप्वाल* उपन्यासमा भय, सन्त्रास तथा संशयका माध्यमबाट व्यक्तिमा उत्पन्न मनोवैज्ञानिक अभिघातलाई प्रस्तुत गरिएको छ । छोरो अभिमन्युलाई अस्पतालमा भर्ना गरेर आएकी बिन्दिकामा सपनामा समेत अनेक किसिमका भय सिर्जना भएको सन्दर्भ पनि उपन्यासमा आएका छन् । "बिन्दिका मध्यरातमा झल्याँस्स बिउँझिई । अनायास उसको मुखबाट निस्कियो, मेरो बाबू !" (पृ. ११२) भन्ने उसको कथनमा सपनामा समेत छोरालाई सम्झेर चिच्याएको दृश्य प्रस्तुत भएको छ । यसले उसको मनमा लुकेर बसेको मानसिक अभिघातलाई प्रस्ट पारेको छ । यसरी 'खटप्वाल' उपन्यासमा कोरोनाका कारण व्यक्तिमा तनाब, भयबोध, एक्लोपन, नैराश्यता, मृत्युप्रतिको मोह, अवसाद वा डिप्रेसन, सपना, भ्रम, संशय आदि सिर्जना भई मनोवैज्ञानिक अभिघात निर्माण भएको छ ।

## निष्कर्ष

'खटप्वाल' उपन्यासमा कोरोनाका कारण सिर्जित अभिघातलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यसमा क्याथी क्यारुथले भनेझैँ प्राकृतिक विपत्तिबाट मानवसमाजमा उत्पन्न भएको शारीरिक एवम मानसिक अभिघातको दर्दनाद स्थितिलाई कलात्मक रूपमा चित्रण गरिएको छ । यसमा महामारीका रूपमा विश्वभर फैलिएको कोरोनाका कारणबाट नेपाली समुदायमा देखिएको शारीरिक असर र त्यसले अल्पकालीन एवम दीर्घकालीन

रूपमा पारेको प्रभावसम्बन्धी शारीरिक अभिघातको यथार्थ चित्र उतारिएको छ । विशेषतः श्वासप्रश्वासमा समस्या, उच्च ज्वरो, खोकी, फोक्सोको खराबी एवम निमोनिया, शारीरिक कमजोरी र रिङ्गटा आदिका कारणले शरीरमा सिर्जना गरेका असर र त्यसले मानिसमा ल्याएको शारीरिक अभिघातको प्रस्तुति यस उपन्यासमा पाइन्छ । तनाव, अवसाद, एक्लोपन, भयबोध, मृत्युप्रतिको मोह, भ्रम र सपना जस्ता मानसिक अभिघातका स्थितिलाई पनि यस उपन्यासले समेटेको छ । यस उपन्यासमा शारीरिक अभिघातका तुलनामा मनोवैज्ञानिक अभिघातको वर्चश्व रहेको देखिन्छ । कोरोनाबाट सिर्जना भएको अभिघातले तत्कालीन समयमा मात्र नभएर दीर्घकालीन रूपमा हालसम्म पनि प्रभावित बनाउँदै आएको छ । कोरोनाका कारणले आफन्त गुमाएका परिवार, आफैँ प्रताडित बनेका व्यक्ति तथा कोरोना नलागे पनि अरूको पीडालाई प्रत्यक्ष देखेसुनेका व्यक्तिभित्र मनोवैज्ञानिक अभिघात क्रमशः सशक्त देखिन्छ । कोरोना महामारीका समयमा नेपाली समाजमा देखापरेका विभिन्न समस्या तथा त्यसले मच्चाएको रणसङ्ग्रामले कुनै वर्ग, जाति, लिङ्ग, धर्म, पेसा, सम्प्रदाय आदिका आधारमा निर्माण गरिएका मानवनिर्मित विभेदकारी नीतिभन्दा प्रकृतिप्रदत्त महामारी हजारौँ गुणा शक्तिशाली रहेको शिक्षा यस उपन्यासले दिएको छ । यसरी प्रमोद प्याकुरेलको ‘खटप्वाल’ उपन्यासले कोरोना कालमा नेपाली समाजमा उत्पन्न मानसिक एवम शारीरिक अभिघात र आगामी दिनमा यस्ता महामारीअघि नै अपनाउनुपर्ने सतर्कतालाई कलात्मक रूपमा अभिव्यक्त गरेको छ ।

## सन्दर्भ सामग्री


कोइराला, कुमारप्रसाद (२०६८), *आख्यान विमर्श,* ओरिएन्टल पब्लिकेसन ।

गिरी, शान्तिमाया (२०७५), *आधुनिक नेपाली कथामा अभिघात,* शब्दार्थ प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमिक पब्लिकेसन ।

पोखे्रल, लालमणि (सन् २०१५), ‘शिरीषको फूलमा अभिघात’, *समकालीन साहित्य,* www.samakalinsahitya.com, हेरेको मिति २०८०/६/२५ ।

प्याकुरेल, प्रमोद (२०७९), *खटप्वाल,* पेज टर्नर प्रा. लि. ।

भट्टराई, केशव (२०७७), ‘अभिघात सिद्धान्तको प्रयोगमा अब्बल यमपुरीको महल उपन्यास’, www.echitwanpost.com, हेरेको मिति २०८०/६/२५ ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोडर्न बुक्स ।

Caruth, Cathy (1995). Editor. *Trauma Explorations in Memory.* The Johns Hopkins UP.

Caruth, Cathy (1996). *Unclaimed experience: Trauma, narrative, and history.* MD: Johns Hopkins University Press.

Davoine, Francoise (2022). *Pandemics, Wars, Traumas and Literature: Echoes from the Front Lines*. Routledge. https://doi.org/10.4324/9781003257592.

Eden, Claire M., Roger Zhu, Shahenda Khedr, and Konstantin Khariton (2022). 'Effect of the coronavirus disease 2019 pandemic on suicide-related trauma burden at a level 1 trauma center'. *Journal of Emergencies, Trauma, and Shock* 15(2): 88-92. *https://doi.org/*10.4103/jets.jets_142_21. Accessed: 14.08.2024.

Imanueli Moshi, Haleluya (2018). 'Physical Trauma and Its Consequences in Rural and Semi-Urban Regions of Low and Middle Income Countries'. *Current Issues in Global Health.,* David Claborn, (editor). IntechOpen. https://doi.org/10.5772/intechopen.79545, Accessed: 24.01.2024.

Kattel, Achut Raj (2023). Cultural Trauma in Wagle's 'Palpasa Café'. *Medha: A Multidisciplinary Journal*, *6*(1), 1–14. https://doi.org/10.3126/medha.v6i1.63952. Accessed: 24.01.2024.

Kurtz, J. Roger (Ed.) (2018). *Trauma and Literature*. Cambridge: Cambridge University Press, Print. Cambridge Critical Concepts. i–i. https://doi.org/10.1017/9781316817155 Accessed: 24.01.2024.

La Capra, Dominick (2001). *Writing History, Writing Trauma.* Baltimore: The Johns Hopkins UP.

Magarati, Shyam Lal (2023). Exploration of Dalit Trauma in Sarad Paudel's Likhe. *Contemporary Research: An Interdisciplinary Academic Journal*, *6*(1), 151–162. https://doi.org/10.3126/craiaj.v6i1.55400. Accessed: 24.01.2024.

Mambrol, Nasrullah (2018), 'Trauma Studies', *Literary Theory and Criticism*, https://literariness.org, Accessed: 22.02.2024.

Oanh, Dang Hoang (2021). 'The Concept of Trauma In Literature Viewed From The Transitioning Midels of Trauma In the West'. *VNU Journal of Foreign Studies*, 37(4), 97-110, https://doi.org/10.25073/2525-2445/vnufs.4752. Accessed: 14.08.2024.

Pokharel, Badri Prasad and Rita Majgayna (2016). 'Narrating Trauma in Literature: Sorha Sanjhharu'. *Tribhuvan University Journal*, 29

(1), pp. 9-14, https://doi.org/10.3126/tuj.v29i1.25666. Accessed: 14.08.2024.

Skalski, Sebastian, *et al.* (2020). 'Thinking too much about the novel coronavirus. The link between persistent thinking about COVID-19, SARS-CoV-2 anxiety and trauma effects'. *Current Issues in Personality Psychology* 8(3): 169-174. https://doi.org/10.5114/cipp.2020.100094. Accessed: 14.08.2024.

Van Der Kolk, Bessel A., and Onno Van DerHart (1996). 'The Intrusive Past: The Flexibility of Memory and the Engraving of Trauma'. *In Trauma: Explorations in Memory*, ed. Cathy Caruth, 158–82. Baltimore: Johns Hopkins University Press.